## सिईडिबि हाईड्रो फण्ड लिमिटेडको
## प्रबन्धपत्रमा भएको संशोधनको
## तीन महले

| सावक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|
| **दफा १ कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम "सि.ई.डि.बि हाईड्रो फण्ड लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा (CEDB HYDRO FUND LIMITED) भनिनेछ। | **दफा १ कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम "सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा CEDB Hydropower Development Company Limited भनिनेछ। | आवश्यक भएकोले। |
| **दफा ४ कम्पनीको उद्देश्य :**<br><br>४ (क) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाका क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्नका लागि जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा वितरण गर्ने मुख्य उद्देश्यले स्थापित कम्पनी वा अन्य संगठित संस्थाको शेयर लगायत अन्य धितोपत्रहरूमा लगानी गर्ने गराउने। | **दफा ४ कम्पनीको उद्देश्य :**<br><br>४ (क) जलविद्युत क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्नका लागि जलविद्युत उत्पादन तथा वितरण गर्ने मुख्य उद्देश्यले स्थापित कम्पनी वा अन्य संगठित संस्थामा लगानी गर्ने। | आवश्यक भएकोले। |
| ४ (ख) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा बिकी वितरण गर्ने उद्देश्यले स्थापना तथा संचालित कम्पनीको धितोपत्रको खरिद बिकी गर्ने। | ४ (ख) जलविद्युत उत्पादन तथा बिकी वितरण गर्ने उद्देश्यले स्थापना तथा संचालित कम्पनीमा लगानी गर्ने। | आवश्यक भएकोले। |
| ४ (ग) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा वितरण गर्ने मुख्य उद्देश्यले स्थापित तथा संचालित कम्पनी वा अन्य संगठित संस्थाको तर्फबाट त्यस्तो कम्पनी वा अन्य संगठित संस्थासँग भएको सम्झौता बमोजिम सम्बन्धित सरकारी निकायमा सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्नका लागि आवेदन गर्ने तथा तत्सम्बन्धी आवश्यक कार्यहरू गर्ने। | ४ (ग) जलविद्युत उत्पादन तथा वितरण गर्ने मुख्य उद्देश्यले स्थापित तथा संचालित कम्पनी वा अन्य संगठित संस्थाको तर्फबाट त्यस्तो कम्पनी वा अन्य संगठित संस्थासँग भएको सम्झौता बमोजिम सम्बन्धित सरकारी निकायमा सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्नका लागि आवेदन गर्ने तथा तत्सम्बन्धी आवश्यक कार्यहरू गर्ने। | आवश्यक भएकोले। |

Anil K. Rangha

| | | |
|---|---|---|
| ४ (घ) जलविद्युत तथा अन्य वैकल्पिक उर्जा जस्ता पूर्वाधार विकास आयोजनाको लागि आवश्यक पर्ने पूँजी रकम जुटाउनका लागि लगानी कोष खडा गर्ने गराउने । | ४ (घ) हटाईएको । | आवश्यक भएकोले । |
| ४ (ङ) खण्ड (घ) बमोजिम खडा भएको लगानी कोषको व्यवस्थापन तथा संचालन गर्ने । | ४ (ङ) हटाईएको । | आवश्यक भएकोले । |
| ४ (च) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको सर्वेक्षण, उत्पादन तथा विकी वितरणमा संलग्न व्यक्ति, कम्पनी वा अन्य संगठित संस्थालाई परामर्श सेवा प्रदान गर्ने । | ४ (घ) जलविद्युत सर्वेक्षण, उत्पादन तथा बिक्री वितरणमा संलग्न व्यक्ति, कम्पनी वा अन्य संगठित संस्थालाई परामर्श सेवा प्रदान गर्ने । | आवश्यक भएकोले । |
| ४ (छ) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको सर्वेक्षण, उत्पादन तथा बिक्री वितरणसग सम्बन्धी परियोजनासँग व्यवस्थापन सम्झौता गरी त्यस्ता परियोजनाहरूको व्यवस्थापन तथा संचालन गर्ने । | ४ (ङ) जलविद्युत सर्वेक्षण, उत्पादन तथा बिक्री वितरण सँग सम्बन्धी परियोजनासँग व्यवस्थापन सम्झौता गरी त्यस्ता परियोजनाहरूको व्यवस्थापन तथा संचालन गर्ने । | आवश्यक भएकोले । |
| ४ (ज) जलविद्युत तथा अन्य वैकल्पिक उर्जा क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्नका लागि जलविद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, बिकी वितरण सम्बन्धी अनुमति प्राप्त गर्ने तथा तत्सम्बन्धी आवश्यक कार्य गर्ने । | ४ (च) जलविद्युत क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्नका लागि जलविद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, बिकी वितरण सम्बन्धी अनुमति प्राप्त गर्ने तथा तत्सम्बन्धी आवश्यक कार्य गर्ने । | आवश्यक भएकोले । |
| **दफा ६ कम्पनीको पूँजीको संरचना :** | **दफा ६ कम्पनीको पूँजीको संरचना :** | |
| ६ (क) कम्पनीको अधीकृत पुँजी रु. १,००,००,००,०००।- ( अक्षरुपी एक अरब हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६ (क) कम्पनीको अधीकृत पुँजी रु. १,५०,००,००,०००।- (अक्षरुपी एक अर्ब पचास करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- दरका १,५०,००,००० (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आवश्यक भएकोले । |
| ६ (ख) कम्पनीको जारी पूँजी रु ७६,३१,००,०००।- (अक्षरुपी छयहत्तर करोड एकतिस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ७६,३१,००० ( छयहत्तर लाख एकतिस हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६ (ख) कम्पनीको जारी पूँजी रु ८३,९४,१०,०००।- (अक्षरुपी त्रियासी करोड चौरानब्बे लाख दश हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ८३,९४,१०० - त्रियासी लाख चौरानब्बे हजार एक सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आवश्यक भएकोले । |

Anil K. Rungta

# सिईडिबि हाइड्रो फण्ड लिमिटेडको नियमावलीमा भएको संशोधनको तीन महले

| साविकको व्यवस्था | हालको व्यवस्था | परिवर्तनको कारण |
|---|---|---|
| **नियम १ कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम "सि.ई.डि.बि हाईड्रो फण्ड लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा (CEDB HYDRO FUND LIMITED) भनिनेछ । | **नियम १ कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम "सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा CEDB Hydropower Development Company Limited भनिनेछ । | आवश्यक भएकोले । |

Anil K. Rungta